# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## अनुगमन समितिको सूचना

कतिपय कन्सल्टेन्सी संचालन गर्ने संस्थाहरुले आफ्ना अन्य सेवाहरुको अलावा लेखापरीक्षण सेवा पनि प्रदान गर्ने भनि सूचना तथा विज्ञापन गर्ने र साइनवोर्ड तथा भिजिटिङ्ग कार्डहरुमा पनि सो कुराहरु राखेको प्रति यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ तथा चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा यस संस्थाको पेशागत प्रमाणपत्र प्राप्त सदस्य नभै लेखापरीक्षण सेवा प्रदान गर्न नमिल्ने भन्ने स्पष्ट व्यवस्था भएकोले यस पेशाको मर्यादामा नै आँच आउने गरी गरिएको यस्तो गैरकानुनी कार्य तुरुन्त बन्द गर्न यसै सूचनाद्वारा जानकारी गराइन्छ। यदि कसैले सो कार्य नरोकेमा यस संस्था कानुनी कारवाहीमा जान बाध्य हुने व्यहोरा समेत सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस किसिमको गैरकानुनी कार्य गर्दै आएको जानकारी प्राप्त भएमा सो को प्रमाण सहित यस संस्थामा जानकारी दिनुहुन समेत अनुरोध गरिन्छ।